मुक्तिनाथ विकास बैंक लि.

MUKTINATH BIKAS BANK LTD.

"नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "ख" वर्गको संस्था (१० जिल्ला कार्यक्षेत्र भएको)"

केन्द्रीय कार्यालय : पृथ्वीचोक–९, पोखरा, फोन नं. ०६१–५२२७८६, फ्याक्स: ०६१–५३७९५२
ईमेल : info@muktinathbank.com.np, वेवसाईट : www.muktinathbank.com.np

Unaudited Financial Results (Quarterly)

As at 1st Quarter (2070-06-31) of the Fiscal Year 2070/071

Rs. in '000'

S.N.	Particulars	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
1	**Total Capital & Liabilities (1.1 to 1.8)**	**4,815,530.07**	**4,465,999.06**	**3,418,334.33**
1.1	Paid-up Capital	245,000.00	245,000.00	245,000.00
1.2	Call in Advance	39,712.25	35,883.65	
1.3	Reserves and Surplus	160,545.00	136,020.99	60,078.53
1.4	Debenture and Bond			
1.5	Borrowings	236,160.00	248,830.00	98,130.00
1.6	Deposits (a+b)	**3,964,829.03**	**3,663,095.89**	**2,829,722.22**
	a. Domestic Currency	3,964,829.03	3,663,095.89	2,829,722.22
	b. Foreign Currency			
1.7	Income Tax Liabilities	7,145.29		7,794.13
1.8	Other Liabilities	162,138.50	137,168.53	177,609.44
2	**Total Assets (2.1 to 2.7)**	**4,815,530.07**	**4,465,999.06**	**3,418,334.33**
2.1	Cash & Bank Balance	341,323.11	353,318.23	217,149.35
2.2	Money at call and short Notice	922,374.24	942,266.90	545,433.75
2.3	Investments	54,916.83	53,678.61	162,499.02
2.4	Loans & Advances (Gross) (a+b+c+d+e+f)	**3,339,360.44**	**3,042,869.62**	**2,395,102.29**
	a. Real Estate Loan	**63,518.60**	**71,027.44**	**26,429.58**
	1. Residential Real Estate Loan (Except Personal Home Loan upto Rs 10 million)			
	2. Business Complex & Residential Apartment Construction Loan			
	3. Income generating Commercial Complex Loan			
	4. Other Real Estate Loan (Including Land Purchase & Plotting)	63,518.60	71,027.44	26,429.58
	b. Personal Home Loan of Rs. 10 million or less	578,029.18	562,848.32	545,896.47
	c. Margin Type Loan			
	d. Term Loan	113,403.45	99,301.22	77,698.68
	e. Overdraft Loan / TR Loan / WC Loan	554,222.35	484,546.83	345,689.92
	f. Others	2,030,186.86	1,825,145.82	1,399,387.64
2.5	Fixed Assets	62,672.40	55,824.07	44,149.89
2.6	Non Banking Assets			
2.7	Other Assets	94,883.03	18,041.64	54,000.03
3	**Profit and Loss Account**			
3.1	Interest income	134,930.40	472,059.72	104,924.00
3.2	Interest Expense	72,191.42	242,835.35	58,927.43
A	**Net Interest Income (3.1-3.2)**	**62,738.98**	**229,224.37**	**45,996.57**
3.3	Fees Commission and Discount	2,204.88	8,048.20	5,704.67
3.4	Other Operating Income	15,309.50	45,711.24	10,527.99
3.5	Foreign Exchange Gain/Loss (Net)			
B	**Total Operating Income (A+3.3+3.4+3.5)**	**80,253.36**	**282,983.81**	**62,229.24**
3.6	Staff Expenses	22,562.05	65,094.56	15,644.35
3.7	Other Operating Expenses	13,154.83	57,378.62	10,771.74
C	**Operating profit Before Provision (B-3.6-3.7)**	**44,536.47**	**160,510.63**	**35,813.14**
3.8	Provision for Possible Loss	5,674.88	9,852.04	3,559.69
D	**Operating profit (C-3.8)**	**38,861.59**	**150,658.59**	**32,253.45**
3.9	Non Operating Income/Expenses (Net)	4.38	(6.17)	-
3.10	Write Back of Provision for Possible Loss	-	3,455.95	2,516.78
E	**Profit From Regular Activities (D+3.9+3.10)**	**38,865.97**	**154,108.37**	**34,770.22**
3.11	Extraordinary Income/Expenses (Net)			
F	**Profit Before Bonus and Taxes (E+3.11)**	**38,865.97**	**154,108.37**	**34,770.22**
3.12	Provision For Staff Bonus	3,533.27	14,009.85	3,160.93
3.13	Provision For Tax	10,599.81	42,029.55	9,482.79
G	**Net Profit/Loss (F-3.12 -3.13)**	**24,732.89**	**98,068.96**	**22,126.51**
4	**Ratios (Mandatory)**			
4.1	Capital Fund to RWA	11.85%	12.55%	12.40%
4.2	Non Performing Loan (NPL) to Total Loan	0.68%	0.56%	0.67%
4.3	Total Loan Loss Provision to total NPL	220.10%	255.21%	228.78%
4.4	Cost of Funds (LCY)	7.20%	7.45%	7.76%
4.5	CD Ratio (Calculated as per NRB Directives)	75.81%	74.67%	76.40%

** Loans and investment are presented on gross basis, loss provisions are included on other liabilities.*
** Previous period figures have been regrouped/rearranged whereever necessary.*
** Above figures are subject to change upon otherwise instructions of Statutory Auditors and/or Regulatory Authorities.*

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५ को अनुसूची – १४ (नियम २२ को उपनियम २ संग सम्बन्धित)

आ. व. २०७०/०७१ को प्रथम त्रैमासिक प्रतिवेदन

१) वित्तीय विवरण :

क) यस विकास बैंकको वासलात, नाफा नोक्सान हिसाब सम्बन्धी विवरण :
यस विकास बैंकको प्रथम त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान विवरण यसै साथ प्रकाशित गरिएको छ।

ख) प्रमुख वित्तीय अनुपातहरु :

प्रति शेयर आम्दानी	रु. ४०.३८ (वार्षिक)	प्रति शेयर कुल सम्पत्तिको मूल्य	रु. १,९६५.५२
मूल्य आम्दानी अनुपात	६.५६ (वार्षिक)	तरलता अनुपात	३१.८७ प्रतिशत
प्रति शेयर नेटवर्थ	रु. १८१.७४	पूँजीकोष अनुपात	११.८५ प्रतिशत

२) व्यवस्थापकिय विश्लेषण :

क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :

यस त्रैमासिक अवधिमा उपरोक्त सूचकाङ्कहरुमा उत्साहजनक सकरात्मक प्रगति हासिल गरिएको छ जसमा सम्पत्तीको गुणस्तरिय व्यवस्थापन (Assets Quality Management), संस्थागत सुशासनको अक्षरशः पालना, कुशल व्यवस्थापन तथा निष्ठावान कर्मचारी समुह, कार्यक्षेत्र विस्तार, ठूलो ग्राहक संख्याको आधार एवं ग्राहक सेवामा सुधार नै प्रमुख कारण रहेका छन्।

ख) आगामी अवधिको व्यावसायिक योजना सम्बन्धमा व्यवस्थापकको विश्लेषणात्मक विवरण :

१. संस्थाको हाल संचालनमा रहेका १७ वटा आधुनिक बैंकिङ्ग, ५ वटा ग्रामिण बैंकिङ्ग र ४ वटा लघुवित्त ईकाइ एवं २२ वटा लघुवित्त डेस्क कार्यालयहरुको अलावा निकट भविष्यमै पर्वतको कार्किनेटा, कास्कीको चिप्लेढुङ्गा पोखरा र रुपन्देहीको गल्लामन्डी भैरहवामा थप ३ आधुनिक बैंकिङ्गका नयाँ शाखाहरु संचालन गरी व्यवसायिक संजाल विस्तार गर्ने साथै ने.रा.बैंकको निर्देशन अनुसार प्राथमिक तथा उत्पादनशील क्षेत्रहरुमा व्यवसाय विविधीकरण गरी थप लगानी विस्तार गर्ने भावी कार्ययोजना रहेको छ।

२. ग्रामिण क्षेत्रमा बसोबास गर्ने पूँजीको अभावमा व्यवसाय संचालन गर्न नसकेका विपन्न, जागरुक एवं उद्यमशिल महिलाहरुलाई आत्मनिर्भर बनाई गरिबी निवारण तथा वित्तीय पहुँचमा अभिवृद्धि गराउन लघुवित्त सेवा थप विस्तार गरी आफ्नो कार्यक्षेत्र भित्रका प्रत्येक न.पा. तथा गा.वि.स. हरु समेटिदै जाने योजना रहेको छ।

३. अघिल्लो वर्ष सम्पन्न विशेष साधारण सभाले अनुमोदन गरे बमोजिम हकप्रद शेयर संकलनको कार्य तिव्र गतिमा भईरहेको छ जसको सम्पूर्ण कार्य छिट्टै सम्पन्न गरी चुक्ता पूँजी वृद्धि गरिनेछ।

४. ने.रा. बैंकबाट भर्खरै स्विकृत भए बमोजिम निकट भविष्यमै सम्पन्न हुने सातौं वार्षिक साधारण सभाले अनुमोदन गरेपश्चात तत्काल कायम चुक्ता पूँजीको ७.५ प्रतिशत नगद लाभांश तथा २० प्रतिशत बोनश शेयर वितरण गरिनेछ।

ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएको छैन तथापि अर्थव्यवस्थाका समग्र गतिविधिहरुबाट वित्तीय संस्था पनि प्रभावित हुने भएकाले सोहि अनुरुप वित्तीय कारोवार प्रभावित भईरहेको छ।

३. कानूनी कारवाही सम्बन्धी :

क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए/ नभएको।

ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए : यस सम्बन्धमा कुनै जानकारी प्राप्त नभएको।

ग) कुनै सञ्चालक वा संस्थापक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए : यस सम्बन्धमा कुनै जानकारी प्राप्त नभएको।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :

क) धितो पत्र बजारमा भएको संगठित संस्थाको शेयर कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा : यस विकास बैंकका सम्पूर्ण शेयरहरु नेपाल स्टक एक्सचेन्जमा सुचिकृत भै धितो पत्र विनिमय बजारमा खुल्ला बजारले प्रतिपादित गरेको मूल्य तथा मान्यता अनुरुप शेयरको कारोबार भईरहेको छ भने समग्रमा यस संस्थाको शेयर अन्य वित्तीय संस्थाको भन्दा अधिक मूल्यमा कारोवार हुनुलाई महत्वपूर्ण उपलब्धि को रुपमा लिएका छौं।

ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या :
यस अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्याको विवरण देहाय बमोजिम रहेको छ।

अधिकतम मूल्य	रु. ३७९	कुल कारोबार भएको दिन	४६ दिन
न्यूनतम मूल्य	रु. २६५	कुल कारोबार शेयर संख्या	८८२,६८५ (कित्ता)
आश्विन मसान्तको अन्तिम मूल्य	रु. २६५	कुल कारोबार संख्या	५९२

(नेपाल स्टक एक्सचेन्जको वेवसाईट www.nepalstock.com अनुसार)

५) समस्या तथा चुनौती : यस विकास बैंकले वहन गरेको आन्तरिक तथा बाह्य समस्या तथा चुनौतीहरु निम्न बमोजिम रहेका छन्।

क) आन्तरिक समस्या तथा चुनौती : बैंकिङ्ग क्षेत्रमा देखिएको तिव्र प्रतिस्पर्धा, अधिक तरलता एवं लगानीयोग्य उत्पादनशील क्षेत्रको अभाव साथै निक्षेप, कर्जा तथा लगानीको ब्याजदरमा भईरहने नियमित परिवर्तनले संस्थाको मुनाफा वृद्धिदर कायम राखिराख्न थप चुनौतीपूर्ण रहेको छ।

ख) बाह्य समस्या तथा चुनौती : देशको संक्रमणकालिन राजनैतिक अवस्था, न्युन आर्थिक वृद्धिदर, लगानी मैत्री वातावरणको अभाव, औधोगीक तथा व्यापारीक क्षेत्रमा व्याप्त श्रम समस्या, उर्जा संकट, अस्थिर व्यवसायिक कानूनी वातावरण, घर जग्गा कारोवारको सुधार गति सुस्त लगायत शेयर बजारमा संकुचन, देशमा हुने बन्द हडताल जस्ता क्रियाकलापले वित्तीय व्यावसायमा प्रतिकुल असर पार्नु प्रमुख बाह्य समस्याहरु हुन्।

ग) रणनीति :

उल्लेखित समस्या तथा चुनौतीहरु सामना गर्न जनता बैंकमा होईन, बैंक जनतामा जानुपर्छ तथा गाउँ गाउँमा लघुवित्त फैलाउँ, गरिवी र विपन्नता हटाउँ भन्ने मुल मर्मका साथ लगानी विविधिकरण गरी लघुवित्त सेवा मार्फत सामूहिक जमानीमा जागरुक तथा उद्यमशिल महिलाहरुलाई स-सानो ऋण रकम प्रवाह गरी देशको गरीवी निवारण एवं वित्तीय पहुँच अभिवृद्धिमा ठोस योगदान पु-याउने साथै प्राथमिक तथा उत्पादनशिल क्षेत्रहरुमा लगानी बढाउने, दक्ष जनशक्ती विकासका लागि तालिम लगायत वृत्ति विकासका कार्यक्रमहरु संचालन गर्ने, व्याजदर परिवर्तनको प्रभावलाई न्युनीकरण गर्दै जाने एवं आधुनिक बैंकिङ्गका सुविधाहरुलाई समेट्दै छिटो, छरितो तवरले ग्राहकमुखी सेवा सुविधाहरु उपलब्ध गराउनु नै चुनौती समाधान गर्ने संस्थाको रणनीति रहेको छ।

६) संस्थागत सुशासन :

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्धारा चालिएका कदम सम्बन्धी विवरण :

क) संस्थाले नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायद्वारा जारी गरिएका संस्थागत सुशासन सम्बन्धी निर्देशनहरुको पूर्ण रुपमा पालना गरिरहेको छ साथै संस्थागत सुशासन अभिवृद्धिको लागि आन्तरीक नियन्त्रण प्रणाली व्यवस्थित गर्न स्वतन्त्र आन्तरिक लेखापरीक्षक नियुक्त गरिएको तथा प्रत्येक त्रैमासको आन्तरिक लेखापरीक्षण गराई लेखा परीक्षण प्रतिवेदनले औल्याएका सुझावहरुलाई व्यवस्थापन मार्फत कार्यान्वयन गराउन लेखापरीक्षण समिति सदैव क्रियाशील रहेको छ।

ख) संचालन जोखिम कम गर्न तथा कामलाई व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति, नियम तथा निर्देशिकाहरु तर्जुमा गरी लागू गरिएको छ।

७) सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोषण गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।